


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ७ गते मंगलबार ❑ 20 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पार्टी विरोधी गतिविधि गर्ने नेतालाई थप स्पष्टीकरण

**रासस**
**काठमाडौं, ६ बैशाख**

नेकपा (एमाले) को सोमबार सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको पहिलो बैठकले पार्टी गतिविधि विरुद्ध लाग्ने थप आठ जनालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले कर्णाली प्रदेशसभामा पार्टीको औपचारिक ह्वीप उल्लङ्घन गरी मुख्यमन्त्री महेन्द्रबहादुर शाहीका पक्षमा मतदान गर्ने र त्यसमा नेतृत्वदायी भूमिका खेल्ने प्रदेशसभाका प्रकाश ज्वालासहित चार सदस्य र यसअघि निलम्बनमा परेका नेताहरु माधवकुमार नेपाल, भीम रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाललगायतलाई दुई दिनभित्र जवाफ माग्ने गरी स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। बैठकले आयोजक कमिटीका सदस्यको कार्यविभाजन र विभागीय जिम्मेवारी तोक्ने कामका लागि विष्णु पौडेल, शङ्कर पोखरेल र टोपबहादुर रायमाझी रहेको कार्यदललाई जिम्मा दिएको सो पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए। बैठकमा अध्यक्ष ओलीले ३२ पृष्ठ लामो राजनीतिक प्रतिवेदन र महासचिव ईश्वर पोखरेलले साङ्गठनिक प्रतिवेदन पेश गरेका थिए। वर्तमान राजनीतिक परिस्थितिको समीक्षा गरिएको अध्यक्ष ओलीको प्रतिवेदनमा सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनःस्थापना भए पनि यसले मुलुकको विद्यमान समस्याहरुको समाधान गर्ने सम्भावना कम रहेकाले राजनीतिक स्थायित्वका लागि छिटो निर्वाचनमा जानुपर्ने विकल्प उपयुक्त हुने उल्लेख गरिएको छ। नेकपा एकताको तीनवर्षे अवधि र सर्वोच्च अदालतको फैसलाबाट एमालेले आउँदो साउनमा विधान सम्मेलन गर्नेछ भने मंसिरमा महाधिवेशन तोकेको छ।

छलफलपछि पारित प्रतिवेदनमा पार्टीको वैचारिक र सङ्गठनात्मक काम र जनआधारित कामलाई गति दिँदै एमालेलाई देशको नेतृत्वदायी सङ्गठनका रुपमा अघि बढाउने, समृद्धिको अभियान प्रभावकारी बनाउन तीनै तहका सरकारलाई सक्रिय तुल्याउने र जनताका चाहना तथा आवश्यकतालाई सम्बोधनका क्रममा गर्नुपर्ने कामको समीक्षा गरेर अघि बढ्ने उल्लेख छ। प्रवक्ता ज्ञवालीका अनुसार अध्यक्ष ओलीको प्रतिवेदनमा मुलुक कुनै पनि बेला निर्वाचनमा जान सक्ने भएकाले तयार रहन कार्यकर्ता पङ्तिलाई तयार रहन निर्देश गरिएको र पार्टी विरोधी गतिविधिमा लागेकालाई एकताको भावनाका साथ आत्मालोचनासहित मूलधारमा फर्कन आह्वान गरिएको जनाइएको छ। बैठकले महासचिव पोखरेलद्वारा प्रस्तुत पार्टीको संगठनात्मक कामलाई व्यवस्थित गर्न आउँदो जेठ मसान्तभित्र सबै तहका कमिटीको पुनःगठन, असारभित्र सङ्गठित सदस्यता, भदौमा वडा तहदेखि पालिका तहसम्मको अधिवेशन र असोजमा प्रदेश अधिवेशनगरीमङ्सिरमामहाधिवेशन गर्नेकार्यतालिकासहितकोसाङ्गठनिक प्रतिवेदन पारित गरेको छ। सोमबारको बैठकमा २०७७ फागुन २३ पछि केन्द्रीय सदस्यहरु विष्णु रिजाल, तिलकुमार मेन्याङ्वो, सोम मिश्रलगायत पहिलोपल्ट उपस्थित रहेका थिए।

## फेवातालको संरक्षणमा नागरिक समाज जागरुक हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

रामसार सुचिमा सुचिकृत भएको पोखराको फेवाताल संरक्षणको लागि माथिल्लो तटिय क्षेत्रमा भएका हामीले राम्रोसंग मोटर बाटो समेत लैजान पाएका छैनौं तर ताल किनारामा रहेका केहीले भने अतिक्रमण अनि मापदण्ड विपरित भौतिक संरचना निर्माण गर्नु के हो यो मेयर साव। फेवाताल किनारामा निर्माण भएको भौतिक संरचना कहिले हटाइन्छ मेयर साव भन्दै हाल सामाजिक संजालमा समेत पोखरेली तथा नागरिकले सोध्न थालेका छन्।

माफिया र सेटिङको भरमा ताल अतिक्रमण अनि अवैध भौतिक संरचना बन्दै गएको सामाजिक संजालमा पोखरेलीहरुले दाबी गरेका छन्। सार्वजनिक जग्गा संरक्षणमा आफै जागरुक हुनुपर्ने पोखरा महानगरपालिकालाई नागरिक समाज र जनप्रतिनिधिले पटक पटक संरक्षण गर्न दबाब दिदा पनि फेवातालको किनारामा मापदण्ड विपरित निर्माण भएका भौतिक संरचना हटाउन सकेको छैन्। आफुहरुले महानगरलाई फेवाताल किनारामा अवैध रुपमा निर्माण भएको भौतिक संरचना हटाउन पटक पटक माग गर्दै आउदा नटेरे पछि सोमबार जिल्ला प्रशासन कार्यालय कास्की मै पुगेर उक्त भौतिक संरचना हटाउन माग गरिएको पोखराका नागरिक अगुवा राम बहादुर पौडेलले बताए।

उनले भने "सार्वजनीक स्थलमा जोकोही व्यत्तिले आफुखुसि कुनै भौतिक संरचना बनाउन पाइदैन यदि कसैले भौतिक संरचना बनाएको खण्डमा स्थानिय सरकार र प्रशासनले त्यसलाई कारवाहीको दायरमा ल्याउनु पर्छ।" सोमबार नागरिक अगुवा पौडेल सहितको एक टोलीले कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमलाई भेटघाट गरी सार्वजनिक स्थल फेवातालमा अतिक्रमण र



मापदण्ड विपरित भौतिक संरचना निमार्ण भएकोले त्यसलाई तत्काल रोक्न आग्रह गरे। उनले भने "पोखरा महानगरपालिकाबाट खै कहिले याक्सनमा काम हुने हो, अब यसलाई प्रशासनले आफ्नो अधिकार प्रयोग गरी सार्वजनिक सम्बन्धि माथी भएको अतिक्रमण तत्काल रोक्नु पर्‍यो, यसमा नागरिक समाजको भुमिका कहाँ के गर्नु पर्छ हामी तयार छौं।" प्रमुख जिल्ला अधिकारी गौतमले सार्वजनिक सम्पत्ति संरक्षणमा आवश्यक पर्ने सुरक्षा व्यबस्था मिलाउन आफुहरु हरपल तयार रहेको जनाए।

नागरिक अगुवा पौडेल सहितको एक टोलीले आइतबार र सोमबार लगातार रुपमा फेवातालको किनारामा मापदण्ड विपरित निर्माण भएको भौतिक संरचना हटाउन पटक पटक पोखरा महानगरपालिकामा आग्रह गर्दै आएको पौडेलले जनाए। पोखराको मुख्य पर्यटकीय स्थल फेवातालको संरक्षणको मुख्य जिम्मा पाएको स्थानिय सरकार पोखरा महानगरले आफै चासो दियर अवैध रुपमा निर्माण भएका भौतिक संरचना हटाउनु पर्नेमा नागरिक समान जनप्रतिनिधिले समेत पटक पटक जानकारी गराउदा तीन दिन देखि महानगरले कुनै याक्सन लिन नसक्नु महानगरको पनि अवैध भौतिक संरचना निर्माण कर्तासंगको कुनै लेनदेन हुन सक्ने पोखरेलीले आशंका व्यक्त गरेका छन्। पोखराको नागरिक समाजको एक टोली आइतबार फेवातालको किनारमा निर्माण भएको भौतिक संरचनाको अवलोकन गर्दै अवैध रुपमा निर्माण भएको भौतिक संरचना तत्काल हटाउन नागरिक समाजका अगुवा पौडेलले पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसी, प्रमुख प्रशासकिय अधिकृत महेश बराल लगायतलाई आग्रह गर्दै आए पनि हालसम्म केही काम अघि बढ्न नसकेको पौडेलले गुनासो गरे। फेवाताल अतिक्रमण र फेवातालमा मापदण्ड विपरित ब्लू स्काई प्याराग्लाईडिङको अवतरण गर्ने स्थल तथा दुना टपरी रेष्टुरेण्टको अगाडीको भागमा हाल करिब १ सय मिटर लम्बाईको ४ फुटको पर्खाल निर्माण भएको छ भने करिब २० ट्रक भन्दा बढी ढुंगा माटो राखेर फेवातालको दलदल भाग पुरिएको नागरिक अगुवा पौडेलले जनाए।

युवा व्यवसायी दीपेस श्रेष्ठ, मनोज श्रेष्ठ, प्रवेश शाक्य सहितको टोलीले व्यवसायीक प्रयोजनको लागि उक्त क्षेत्रमा फेवातालको सतहबाटै पर्खाल निर्माण गरेको अबस्थामा महानगरले यस अघि करिब ५ पटक हटाए पनि हाल उक्त संरचना बनेको हो। आफुहरुले उत्त जग्गा भाडामा लियर गार्डेन बनाउने उद्धेश्यले केही काम गर्न सुरु गरेको व्यवसायी दीपेस श्रेष्ठले बताए। यस बिषयमा शनिबार गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल (जीबन) ले अवैध रुपमा निर्माण भएको भौतिक संरचनाको बिषयमा पोखराका मेयर मानबहादुर जिसी,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## असारसम्म तीन हजार ७८७ मुद्दा किनारा लगाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

सत्यनिरुपण तथा मेलमिलाप आयोगले आगामी असार मसान्तसम्म तीन हजार ७८७ मुद्दा किनारा लगाउने गरी तयारी गरेको छ।

आयोगद्वारा सोमबार पोखरामा आयोजित छलफल एवं अन्तर्क्रियामा आयोगका अध्यक्ष गणदत्त भट्टले २०५२ साल फागुन १ गतेदेखि २०६३ मङ्सिरसम्मका कूल ६३ हजार ७१८ मुद्दा दर्ता भएको जानकारी दिए। आयोगमा आफूहरूले जिम्मेवारी पाएसँगै निरन्तर काम गरिएको जनाउँदै उहाँले विश्वव्यापी फैलिएको कोरोना महामारीले आयोगका काम कारवाहीमा पनि केही न केही असर पारेको स्पष्ट पारे। आयोगले ७४७ मुद्दामा निर्णय गरिसकेको जनाउँदै अध्यक्ष भट्टले मुद्दाको सुनुवाइ हुने र पीडकले छुटकारा नपाउने विश्वास व्यक्त गरे। द्वन्द्वपीडितलाई परिचयपत्र प्रदान गर्ने प्रक्रिया पनि थालिएको जानकारी दिँदै उनले उक्त परिचयपत्रका आधारमा राज्यबाट प्रदान गरिने सेवासुविधाको सुनिश्चितताका लागि पनि पहल गरिएको स्पष्ट पारे।

भट्टका अनुसार गण्डकी प्रदेशमा हालसम्म ३४ जनालाई परिचयपत्र प्रदान गरिएको छ। आयोगका सदस्य मन दाहालले आयोगमा प्राप्त उजुरीका आधारमा कानून प्रदत्त अधिकारका आधारमा त्यसको छानविन गर्दै किनारा लगाउनेतर्फ आयोग क्रियाशील रहेको बताए। आयोगका सचिव तोयानाथ अधिकारीले द्वन्द्वपीडितले न्याय पाउने कुरामा आयोग सजग र सचेत रहेको जनाउँदै प्राप्त उजुरीका आधारमा आवश्यक छानविनसहित निष्कर्षमा पुगिने सुनाए। आयोगले निरन्तर द्वन्द्वपीडित एवं अन्य सरोकारवाला व्यक्तिसँग भेटघाट एवं अन्तर्क्रिया गरेको उनले बताए।

उक्त अवसरमा द्वन्द्वपीडितका तर्फबाट कृष्णप्रसाद पराजुली, णनाथ बराल र सुमित्रा केसीले द्वन्द्वकालीन समयमा परिवारका सदस्य गुमाउनुपरेको पीडा तथा भोग्नुपरेका समस्यामा राज्यले सम्बोधन गर्न नसक्दा दुःख लागेको उल्लेख गर्दै आफूजस्ता पीडितलाई उचित न्याय दिलाउन आयोगको ध्यानाकर्षण गराए।

## लुम्बिनी प्रदेशमा अविश्वासको प्रस्ताव दर्ता, मन्त्रिमण्डल विस्तार

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शङ्कर पोखरेलले सोमबार दिउँसो प्रदेश सरकारको मन्त्रिमण्डल विस्तार गरेका छन्।

मुख्यमन्त्री पोखरेल नेतृत्वको सरकारलाई समर्थन गर्दै मन्त्रिमण्डलमा रहेका माओवादी केन्द्रका दुई मन्त्रीले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै पदबाट राजीनामा दिएर प्रदेशसभामा सरकारविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेको केही समयमै मुख्यमन्त्री पोखरेलले तीन मन्त्री र एक राज्यमन्त्री थपेर मन्त्रिमण्डल विस्तार गरेका हुन्।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कोरोना बढेपछि सरकारले दियो यस्तो आदेश

**रासस**
**काठमाडौं, ६ बैशाख**

कोरोना सङ्क्रमण बढेसँगै सरकारले जोखिम न्यूनीकरणका लागि विभिन्न आदेश जारी गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्क्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम आदेश जारी गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले जानकारी दिए। सरकारले काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाका महानगरपालिका, नगरपालिका, विराटनगर, वीरगञ्ज, भरतपुर र पोखरा महानगरपालिका, इटहरी, धरान, जनकपुर, हटौँडा, बुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिका, मेची नगर, विर्तामोड, दमक, राजविराज, बनेपा, धुलिखेल, सिद्धार्थनगर, वीरेन्द्रनगर तथा भीमदत्तनगर नगरपालिकामा रहेका शैक्षिक संस्था, विद्यालय, इन्स्टिच्युट, तालीम केन्द्रलगायतलाई यही वैशाख मसान्तसम्म भौतिकरुपमा उपस्थित नभई भर्चुअल तथा वैकल्पिक शिक्षण सिकाइ विधि अपनाई सञ्चालन गर्ने आदेश जारी गरेको छ।

विद्यालय र कलेजका पूर्वनिर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक परीक्षा भने जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन हुनेछन्। सिनेमा हल, पार्टी प्यालेस, दोहोरी, डान्स क्लब, हेल्थ क्लब, जिम खाना, पौडी पोखरी, फुटसल, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शकसहितका खेल र मानिसको भीडभाड हुने सबै प्रकारका कार्य पनि वैशाख मसान्तसम्म बन्द गरिएको छ। मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायत धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी वैशाख मसान्तसम्म नित्यपूजा, ध्यान र प्रार्थना मात्र गर्न पाउने, एक पटकमा २५ जनाभन्दा बढी हुन नहुने, सामाजिक दूरी अवलम्बन गर्ने गरी शपिङ मल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने, मास्क र साबुनपानीको व्यवस्था व्यवस्थापकले नै गर्नुपर्ने, मेला, जात्रा, पर्व, विवाहलगायत धार्मिक अनुष्ठान र मलामीलगायत धार्मिक तथा परम्परागत कार्यक्रममा २५ जनाभन्दा बढी सहभागी हुन पाइने छैन। विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेसको प्रयोग गर्नु पर्दा स्थानीय प्रशासनको पूर्वस्वीकृति लिनुपर्ने, सभा, सम्मेलन, गोष्ठी, तालीमलगायत क्रियाकलाप सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्नुपर्ने, भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र उपस्थित हुनुपर्नेछ। सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोका र भित्र स्यानिटाइजरको अनिवार्य व्यवस्था गर्ने, चालक र सवारी चालकले मास्क अनिवार्य लगाउनुपर्ने, सवारी सधानलाई दैनिक निसङ्क्रमण गर्नुपर्नेछ। हवाईजहाजका चालक र यात्रुलाई अनिवार्य मास्क, जहाज र झोलालाई स्यानिटाइज गर्नुपर्ने, कार्यालय र पसलमा स्यानिटाइजरको व्यवस्था अनिवार्य गर्ने, कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले रु १० लिई मास्क प्रदान गर्नुपर्ने, मास्क नलगाउने व्यक्तिलाई कार्यालय प्रवेशमा रोक लगाउने आदेश जारी गरिएको मन्त्री गुरुङले जानकारी दिए।

यस्तै होटेल तथा रेष्टुरेन्टले बिहान ८ देखि बेलुका ८ बजेसम्म स्वास्थ्य मापदण्ड पालना गरी सेवा दिनुपर्ने, अन्य समयमा होम डेलिभरी गर्नुपर्ने, राष्ट्रिय राजमार्गमा सञ्चालित होटेल तथा रेष्टुरेन्टले जनस्वास्थ्यका मापदण्ड पालना गरी भीडभाड हुन नदिने व्यवस्था मिलाउने, नेपाल राष्ट्र बैंकले विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने व्यवस्था मिलाउने, नियमित सञ्चालन हुने स्वास्थ्य संस्था स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्नुपर्नेछ।



# योग ध्यानबाट मानसिक स्फूर्ति खोज्दै पर्यटन व्यवसायी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

कोभिड-१९ का कारण व्यवसायमा परेको प्रभावले उत्पन्न मानसिक तनावलाई व्यवस्थापन गर्न पोखरा पर्यटन व्यवसायीले एकदिने मानसिक स्फूर्तिसम्बन्धी योग ध्यान गरेका छन् ।

पोखरा पर्यटन परिषद् र योगशालाको संयुक्त आयोजनामा बेगनास शिवालय योग रिसोर्टमा आयोजित उक्त योग शिविरमा सहभागीले मानसिक स्फूर्तिका लागि आवश्यक योग निन्द्रा, हठ योग, ध्यान तथा उत्सवलगायतका विभिन्न विधि गरेर आफूलाई ताजगी गराएको परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले जानकारी दिए । "कोभिड-१९ ले व्यवसायमा ठूलो असर पाऱ्यो भने यसबाट सिर्जित अवस्थाले अधिकांश व्यवसायीलाई मानसिक तनाव निम्त्याएको छ, योग ध्यानको माध्यमबाट मानसिक स्फूर्तिका लागि यो कार्यक्रम सफल भएको महसुस हामीले गरेका छौँ," भट्टराईले भने, "हर कुनै परिस्थितिसँग अघि बढ्न मनस्थिति बलियो बनाउन आवश्य छ, योग ध्यानले मानिसलाई सकारात्मक ऊर्जा प्रदान गर्ने गर्दछ।" पर्यटन यातायात व्यवसायी पोखराका अध्यक्ष बबरजङ्ग गुरुङले कोभिड-१९ ले व्यवसायमा देखिएको असहज परिस्थितिले निराशा थपेको जनाउँदै योग ध्यान विधिले संयम बनाएर तनावमुक्त हुने विधि सिक्न सफल भएको बताए । "अहिले व्यक्त गर्न नसकिने धेरै पीडा व्यवसायीमा छ, जसका कारण थुप्रै मानसिक तनावहरू भोग्नु परिरहेका छ, यस्तो अवस्थामा आफूलाई कसरी मानसिकरूपमा स्वस्थ राख्न सकिन्छ भन्ने कुरा योगको माध्यमबाट थाहा पाउने अवसर मिल्यो ।" उनले योग ध्यानमा सहभागी हुँदा सकारात्मक ऊर्जा र आनन्दको महसुस गरेको प्रतिक्रिया दिए ।

कोभिड-१९ को जोखिमलाई ध्यान दिँदै स्वास्थ्य मापदण्डको पूर्ण पालनासहित सञ्चाालित उक्त कार्यक्रममा योग प्रशिक्षक स्वामी ध्यान सागर सुनिल श्रेष्ठले सहजीकरण गर्नुभएको संस्थाका महासचिव रामचन्द्र शर्माले जानकारी दिए । शर्माका अनुसार परिषद्सँग आबद्ध पर्यटन व्यवसायी, सञ्चारकर्मी गरी ३० जनाको सहभागिता रहेको थियो । पर्यटन व्यवसायीको मागलाई ध्यान दिँदै आगामी दिनमा पनि तनाव व्यवस्थापनसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने उनले जानकारी दिए ।

# सिनेमा संस्कृति विषयमा चर्चा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

पोखराबाट प्रसारित लोकप्रिय रेडियो अन्नपूर्णको प्रस्तुति द राउण्ड टेबलमा सिनेमा संस्कृति विषयमा चर्चा गरिएको छ ।

सोमबार बिहान प्रसारण हुने कार्यक्रममा वक्ताहरु कवि प्राज्ञ रमेश श्रेष्ठ, कलाकार तथा निर्देशक माओत्से गुरुङ, चलचित्र व्यवसायी निकेश द्वा र चलचित्र पत्रकार संघ नेपाल कास्कीका अध्यक्ष अरुण गिरीले आ–आफ्नो धारणा राखेका छन् । उनीहरुलाई सहजीकरण प्रस्तोता वाशुदेव मिश्रले गरेका थिए ।

कार्यक्रममा बोल्दै प्राज्ञ रमेश श्रेष्ठले आफुले पहिलो चलचित्र २०३४ सालमा हेरेको सम्झिए । उनले भने, "त्यतिबेला हलको व्यवस्थापन भइसकेको थिएन । प्रोजेक्टर मार्फत देखाउने गरिन्थ्यो ।" उसो त श्रेष्ठ कम फिल्म हेर्ने गर्छन् । राम्रा फिल्म उनको रोजाईमा पर्ने गर्छ । बिम्ब र काव्यिक कथा वस्तुलाई उनी बढी प्राथमिकता दिन्छन् । तत्कालिन समयमा श्रेष्ठले कल्पना हलमा एक मोहरमा चलचित्र हेरेको सम्झिए । सिनेमा समयको मध्यान्हमा समेत पैसाको अभावमा लुकेर हेरेको अनुभवलाई उनले साटे । श्रेष्ठले ४० को दशकमा आएको भारतीय सिनेमा "कयामत से कयामत तक"ले समाजमा राम्रो प्रभाव पारेको स्मरण गरे । "त्यतिबेलाको सिनेमामा भएका गतिविधिलाई समाजमा समेत उतार्ने गरिन्थ्यो", उनले भने," पात्रको हाउभाउलाई नै हेरेर समाजका व्यक्तिहरुले आफुलाई त्यहीअनुरुप ढाल्ने गर्थे ।" सिनेमाले मनोरञ्जन सँगै सन्देश पनि दिनुपर्ने विषयलाई श्रेष्ठ उठान गर्छन् । सिनेमाले सांस्कृतिक सँगै सामाजिक, शैक्षिक र यौनका विषयलाई बुझ्ने अवसर प्रदान गरेको तर्क उनको छ । उनका अनुसार सिनेमा भनेकै साहित्य हो । कोरा फिल्मको कलाकार हुनु र साहित्य बुझेका कलाकार हुनुमा धेरै फरक भएको उनी पाउँछन् । पछिल्लो समयमा साहित्यमा आधारित चलचित्र निर्माण हुँदा खुशी लाग्ने गरेको उनी बताउँछन् । श्रेष्ठ नेपाली सिनेमामा काव्यिक कथावस्तु फितलो हुँदा चलचित्र क्षेत्रनै कमजोर बन्दै गरेको पाउँछन् । भारतीय चलचित्र काव्यिक भएका कारण नै चलेको तर्क उनको छ । कलाकार माओत्से गुरुङ पोखरा भन्दा अलिक पर गाउँमा जन्मका कलाकार हुन् । त्यतिबेला उनलाई फिल्म हेर्ने सहज वातावरण थिएन । घर परिवारको डर एकातिर थियो भने अर्कोतर्फ लामो यात्रा तय गरेर मात्र सिनेमाघर पुगिन्थ्यो । संघर्षका बाबजुत पनि माओत्सेले "सन्तान" चलचित्र पहिलो पटक हेर्ने अवसर पाए । गुरुङ यस्तो समाजमा हुर्के जुन समाजमा चलचित्र हेरेर उस्तै नक्कल गर्ने गरिन्थ्यो । नेपाली सिनेमाका अग्रज कलाकारसँग आज आफु एउटै फिल्ममा अनुबन्धित भएर काम गर्न पाउँदा उनी खुशी देखिन्छन् ।

गुरुङका अनुसार एउटा राम्रो सिनेमाका लागि निर्देशक पथप्रदर्शक हो । उनले मुलधार भनिने चलचित्रमा स्थानिय कथा वस्तु झल्किएको खण्डमा सिनेमा सफल हुने धारणा राखे । नेपाली सिनेमामा आञ्चलिकता नहुँदा बिग्रेको तर्क उनको छ । गुरुङ फिल्ममा पहिलेदेखि नै मौलिकता झल्काइए पनि नेपाली मुलधार भनिने चलचित्रमा अहिले आएर मात्र मौलिकता देखिएको उनले बताए । गुरुङले सिनेमा सम्बन्धि पत्रकारिता गर्ने पत्रकार फिल्मकर्मी भन्दा पनि दुई गुणा बढी अध्ययनशिल हुनुपर्ने बताएका छन् । उनले निर्माता र निर्देशकको निकटताका आधारमा फिल्म समिक्षा गर्नुभन्दा पनि सही र सत्य किसिमबाट फिल्म समिक्षा गर्न पत्रकारलाई आग्रह गरेका छन् । हाँसो सबैलाई मन पर्ने विषय भएकाले अहिले नेपालमा कमेडी फिल्मको लहर चलेको तर्क उनको छ । खासगरी "कबड्डी" पछि नेपाली चलचित्र उद्योगमा हाँसोका मात्रै कथावस्तुमा चलचित्र बन्ने गरेको उनी पाउँछन् । सिनेमा चल्न कन्टेन्ट राम्रो हुनुपर्ने उनले बताए । कन्टेन्ट सँगै निर्देशिकय पक्ष समेत बलियो हुनुपर्ने धारणा उनको छ । हल संचालकले लोकल सिनेमालाई अरु सिनेमा जस्तै ठाउँ दिन सके यसको भविष्य उज्जवल भएको उनले बताए । चलचित्र व्यवसायी निकेश द्वाले ४८ प्रतिशत नेपाली फिल्म हेर्न दर्शक हलमा आउने गरेको बताए । ३७ प्रतिशत बलिवुड र १५ प्रतिशत हलिवुड हेर्ने दर्शकको आगमन मिडटाउन सिनेमाजमा हुने गरेको उनले जानकारी गराए ।

द्वाले आफुहरुलाई हालको समयमा सरकारले निर्धारण गरेको ५० प्रतिशत अकुपेन्सीमा हल संचालन गर्न गाह्रो भइरहेको गुनासो पोखे । तर पनि बाध्यता स्वरुप हल संचालनमा ल्याएको उनको भनाई छ । नेपाली चलचित्रको हकमा मौलिक कथावस्तु भएको सिनेमाले नै नाम र दाम कमाएको उनले बताए । हलमा मान्छे तान्न सिनेमाको कन्टेन्ट बलियो हुनुपर्ने धारणा उनको छ ।

# काम छाडेर कालीगण्डकी करिडोर व्यवसायी सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
**पर्वत, ६ बैशाख**

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको पर्वत जिल्लामा पर्ने मोदीवेणी-अर्मादी खण्ड अलपत्र बनेको छ । काम छाडेर निर्माण व्यवसायी नै सम्पर्कविहीन बने पनि सो खण्डमा ट्र्याक खोल्ने कार्यसमेत अघि बढ्न नसकेको छैन ।

आगामी दुई वर्षभित्रै सो खण्डको सबै सडक कालोपत्र सक्ने लक्ष्य राखे पनि जिल्लाभित्र अझै ट्र्याक पूरा हुन सकेको छैन । ट्र्याक खुलाउने क्रममा गत चैत २५ गत कुश्मा नगरपालिका- ५ मोदीबेनीघाट नजिकै कालीगण्डकी नदी किनारमा एस्काभेटर खसेपछि काम रोकिएको हो । सूर्य कन्स्ट्रक्सनले जिम्मा लिएको सो सडकको ट्र्याक खुलाउने क्रममा ब्रेकरले पहरो फुटाउँदै गर्दा माथिबाट आएको ढुङ्गाले लागी एस्काभेटर खसेको थियो । कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका प्रमुख सुबोध देवकोटाले पर्वत खण्डमा मोदीबेनीको करीब ५०० मिटर ट्र्याक खुल्न बाँकी रहेको जानकारी दिनुभयो । यही वैशाखभित्रै सक्ने लक्ष्य रहेको जानकारी दिँदै उनले भने , "छिट्टै कालोपत्रका लागि काम अघि बढाउने योजना हो । मेसिन खसेपछि काम रोकिएको छ ।" काम कहिले शुरु गर्ने भन्ने टुङ्गो लागिनसकेको उनले बताए । करिडोरअन्तर्गत जिल्लामा रानीपानी-फलेबास-ढिक खण्डको २३ किमी कालोपत्रका लागि ठेक्का प्रक्रिया अघि बढेको छ । कडा चट्टान फुटाउने क्रममा मेसिनसहित मान्छे खसेर दुर्घटना भएपछि बाँकी काम कसरी अघि बढाउने भन्नेमा नै अन्योलता देखिएको उहाँको भनाइ छ । झण्डै दुई वर्षसम्म सम्पर्कविहीन भएको सो कन्स्ट्रक्सनलाई सम्पर्कमा ल्याएर काममा लगाइएको आयोजना प्रमुख देवकोटाले बताए । ठेकेदार कम्पनी नै सम्पर्कविहीन भएपछि मोदीबेनी क्षेत्रको ट्र्याक खोल्न ढिलाइ भएको थियो । पर्वत खण्डको ३९ किलोमिटर कालोपत्रका लागि रु एक अर्ब २३ करोड विनियोजन भएको छ । विसं २०७५ जेठ २१ मा काम सक्ने गरी २०७३ असार २२ मा सो कन्स्ट्रक्सनले सम्झौता गरेको थियो । जिम्मा लिएको १४ किमिमध्ये मोदीबेनी-फलेबास-ढिकसम्मकै केही भागको ट्र्याक अझै खोल्न सकेको छैन ।

कन्स्ट्रक्सनका प्रतिनिधि दीपक रैसवालले नयाँ मेसिन र चालक खोजेर काम अघि बढाइने जानकारी दिए । सडकले दक्षिणका एक नगरपालिका र तीन गाउँपालिकाको बस्ती जोड्छ । विसं२०६२ मा पर्वतको त्रिवेणी-रानीपानी-बाच्छा हुँदै रेखाङ्कन गरिएको करिडोर विसं २०६४ मा बागलुङतर्फ सरेको थियो । तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको पालामा बागलुङ पुऱ्याइएको करिडोरको पर्वतमा कालीगण्डकी लोकमार्ग नामकरण गरी शाखा विस्तार गरिएको थियो । हाल सडकको दुवै जिल्लालाईसमानप्राथमिकतासाथ विस्तार गरिएको आयोजनाले जनाएको छ । सडकअन्तर्गत मोदीवेणी र सेतीखोलामा मोटरेबल पुल निर्माण भइसकेका छन् भने लमायखोलामा पुल निर्माण प्रक्रियासमेत अघि बढेको छ ।

# लुम्बिनी...

मुख्यमन्त्री पोखरेलले नेपालको संविधानको धारा १६८ को उपधारा १ बमोजिम विस्तार गर्नुभएको मन्त्रिमण्डलमा जनता समाजवादी पार्टीका तर्फबाट रुपन्देहीका सन्तोषकुमार यादव भौतिक पूर्वाधार विकासमन्त्री, बाँकेका विजयबहादुर यादव कृषि व्यवस्था भूमि तथा सहकारीमन्त्री र अर्घाखाँचीकी कल्पना पाण्डे शिक्षा तथा सामाजिक विकासमन्त्रीमा नियुक्त गरेका हुन् ।

यस्तै मुख्यमन्त्री पोखरेलले बर्दियाकी सुमन शर्मा रायमाझीलाई भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त गरेका छन् । नवनियुक्त मुख्यमन्त्री पोखरेलले थप गरेका नवनियुक्त तीनजना मन्त्रीले सोमबारनै प्रदेशप्रमुखको कार्यालयमा प्रदेशप्रमुख धर्मनाथ यादवसमक्ष पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । भने राज्यमन्त्री रायमाझीले प्रदेशप्रमुखको उपस्थितिमा मुख्यमन्त्री पोखरेलसमक्ष शपथ लिएकी छन् । सोमबार नै अविश्वासको प्रस्ताव दर्ता भएको छ । मुख्यमन्त्री पोखरेलकै सरकारमा रहेको नेकपा (माओवादी केन्द्र), प्रमुख विपक्षी दल नेपाली कांग्रेस र जनता समाजवादी पार्टीसहित दलका ४१ प्रदेशसभा सदस्यले मुख्यमन्त्रीविरुद्ध सोमबार संसद् सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गर्नुभएको हो ।

नेपालको संविधानको धारा १८८ को उपधारा (४) र लुम्बिनी प्रदेशको प्रदेशसभा नियमावली २०७४ को नियम १४४ को उपनियम (१) बमोजिम तीन दलले अविश्वास प्रस्ताव दर्ता गरेका हुन् । अविश्वासको प्रस्तावका साथ संविधानको धारा १८८ को उपधारा (५) बमोजिम मुख्यमन्त्रीमा माओवादी केन्द्रका कुलप्रसाद केसीलाई प्रस्ताव गरिएको छ । प्रदेशसभामा सत्तारुढ दल नेकपा (एमाले)का ४१, कांग्रेसका १९, माओवादी केन्द्रका १७, जसपाका छ र राष्ट्रिय जनमोर्चाका एक प्रदेशसभा सदस्य छन् ।

एमालेमा प्रवेश गरेको जनाउँदै आफ्ना दुई सदस्यलाई कारवाही गरेपछि माओवादी केन्द्रमा १७ जना सदस्य कायम छन् । लुम्बिनी प्रदेशमा सरकार बनाउन ४३ प्रदेशसभा सदस्य आवश्यक हुन्छ । यसैबीच पोखरेल सरकारमा रहेका माओवादी केन्द्रका तर्फबाट आन्तरिक मामिला तथा कानूनमन्त्री कुलप्रसाद केसी र सामाजिक विकासमन्त्री सुदर्शन बरालले सोमबार नै आआफ्ना पदबाट संयुक्त राजीनामा दिनुभएको छ । उहाँहरुले मुख्यमन्त्री पोखरेललाई राजीनामा पत्र बुझाउनुभएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।


**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं ।**

- कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं ।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।
- कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# फेवाताल...

कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, पोखराका नागरिक अगुवा राम बहादुर पौडेल, फेवाताल चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्यप्रसाद पौडेल लगायतलाई जानकारी गराएका थिए । शनिबार र आइतबार पोखरा महानगरपालिकाका मेयर जिसी र प्रमुख प्रशासकिय अधिकृत बरालले मापदण्ड विपरित निर्माण भएको भौतिक संरचनाको बिषयमा छलफल गरेर आवश्यक कारवाही अघि बढाउने प्रतिकृया दिए पनि हालसम्म कुनै कारवाही अघि नबढेको श्रोतले जनाएको छ । नागरिक समाज पोखराका अगुवा पौडेलले फेवातालको अतिक्रमण र अवैध भौतिक संरचना निर्माण हुदा स्थानिय तह पोखरा १८ वडा कार्यालय र पोखरा महानगरपालिका मुकदर्शक भएर बसेको दाबी गरे । मुलुकी देवानी संहिता २०७४ मा उल्लेख भए अनुसार कसैले सार्वजनिक र सरकारी वा समुदायिक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागि कुनै संरचना बनाउन हुदैन् । यदि कसैले सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा कुनै संरचना बनाउन लागेमा समबन्धित प्रमुख जिल्ला अधिकारी वा स्थानिय तहले त्यस्तो कार्य तुरुन्त रोक्नु पर्ने प्राब्धान रहेको छ ।

फेवातालको सिमाङकन तथा नक्साङकन समितिका संयोजक पुण्यप्रसाद पौडेलले आफुहरुले दुषिद जग्गा पहिचानमा हाल लाग्दै गर्दा मापदण्ड विपरित भौतिक संरचना बनाउने कार्यलाई महानगरले तत्काल रोक्नु पर्ने बताए । आफुले पनि महानगरका मेयर जिसी र प्रमुख जिल्ला अधिकारी गौतमलाई समेत जानकारी गराएको बताए ।






# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# फेवा सहकारीको शुभकामना तथा सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. सृजना चोक पोखराले सस्थाको उपसमितिमा मनोनित संयोजक र सदस्यहरु लाई सम्मान बधाई सहकारी शिक्षा प्रशिक्षण, नयाँ बर्षको भित्ते पात्रो बिमोचन का साथ शुभकामना आदान प्रदान कार्यक्रम रबी महल सृजना चोक मा सम्पन्न गरेको छ।



शुभकामना आदान प्रदान सम्मान कार्यक्रम मा सहकारीका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्ग र सस्थाका उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठ द्वारा संयुक्त रुपमा सस्था द्वारा प्रकाशित भित्ते पात्रो बिमोचन गरि कार्यक्रमको उद्धाटन गरेका थियो।

सहकारी शिक्षा प्रशिक्षण कार्यक्रममा लेख समिति, ॠृण लगानी उप समिती, ऋण अशुली उप समिति, शिक्षा उप समिति, महिला उप समिति, स्वास्थ्य उप समिति, निक्षेप संकलन तथा पुजी बृद्धि उप समिति, बाल बचत उप समितिका संयोजक तथा सदस्यहरु लाई सहकारी का अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गले टिका खादा र पुष्प गुच्छाले स्वागत सम्मान र बधाई दिई शुभारम्भ गरिएको कार्यक्रममा सहकारी संस्थाका उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले उपस्थिति सम्पुर्ण लाई स्वागत गर्नुहुँदै उपसमितिको काम कर्तव्य अधिकार का बारेमा जानकारी गराउदै सबैलाई मेरो सहकारी भन्ने भाबना जागरण गराउन अनुरोध गर्नुभयो । उक्त कार्यक्रममा सहकारीका प्रबन्ध निर्देशक हरिभक्त पौडेलले सहकारी संचालन र बित्तिय कारोबारका साथ हिजो आजको भन्दा फरक र बैज्ञानिक तरिकाले सहकारी को काम गर्नुपर्ने र सहकारी बैक भन्दा फरक भै शेयर सदस्यहरुको हित कसरि र के गर्दा हुन्छ भन्ने बिषयमा जानकारी दिनुहुदै सहकारीको कुल पुजी ९५ करोड भएको सहकारी मा शेयर पुजी १० करोड, डिपोजिट ७१ करोड र लगानी ७२ करोड रहेको बताउनु हुदै उप समितिहरू सबैले आ आफ्नो दाईत्व पुरा गरि यस फेवा सहकारी लाई अगाडि बढाउन सक्रिय हुन आग्रह गर्नुभयो। शुभकामना आदान प्रदान सम्मान बधाई भित्ते पात्रो बिमोचन तथा सहकारी प्रशिक्षण कार्यक्रम सस्थाका सचिव एवं प्रशिक्षक दिल बहादुर भट्टराईले सरल तरिका बाट सहकारीको पंच बर्षिय रणनीतिक योजनाका बिषयमा फेवा सहकारी संस्थाको अहिले कुल पुजी ९५ करोड छ भने अबको ५ बर्षमा कति पुल्याउने जस्ता बिषय सहित दिनु भएको प्रशिक्षणमा फेवा सरल पेन्सन बचत योजना, बाल बचत योजना लगायतका बिषयमा प्रशिक्षण दिनु भएको उक्त कार्यक्रममा सहकारी सस्थाका शेयर सदस्य हिरा देबी श्रेष्ठले फेवा सरल पेन्सन बचत योजना मा खाता खोली पेन्सन योजनाको शुभारम्भ गर्नु भएको उक्त योजनामा सहकारीका सदस्य योगराज पौडेल र सबिता शर्माले समेत फेवा सरल पेन्सन बचत योजनामा खाता खोल्नु भयो । उक्त कार्यक्रममा संचालक, कर्मचारी र समिति गरि ५० जनाको सहभागीतामा सम्पन्न गरिएको कार्यक्रममा अधिकांश सदस्यहरु ले आ आफ्नो सुझाव राखेको कार्यक्रममा शेर बहादुर अधिकारी, दान बहादुर बिक, किरण पाण्डे लगायतका सदस्यहरू फेवा सहकारीले गरेका सबै कार्यहरू राम्रा हुदाहुदै पनि पुराना शेयर सदस्यहरुको पहिचान गर्नुपर्ने जिज्ञासा राख्नु भएको थियो। कार्यक्रममा सहकारी संस्थाका सदस्य किरण बिजुक्छेले सहकारीका सात सिद्धान्त बाचन गर्नु भएको कार्यक्रममा फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था ली. का अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गको सभाध्यक्षता मा सम्पन्न सभा सहकारी संस्थाका सहायक निर्देशक जगन तिमिल्सिनाले कार्यक्रम संचालन गर्नु भएको थियो।

# भित्तेपात्रो बिमोचनमा बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ६ बैशाख**

स्याङ्जा सदरमुकाम स्थित स्याङ्जा बजारमा रहेको प्रतिष्ठित सहकारी रोयल वचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा नयाँ वर्ष २०७८ को भित्तेपात्रो बिमोचन तथा बधाई र शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।



बिमोचन कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका अध्यक्ष भरतराज ढकालले हाल संचालनमा रहेका सहकारीहरु परम्परामा आधारित रहेको बताउँदै सहकारीहरुले नयाँ ढङ्गबाट अगाडी बढ्ने सोच बनाउनु पर्नेमा जोड दिए । वाणिज्य र विकास बैंकका कारण सहकारीहरु समस्या उन्मुख बन्दै गएको ढकालले दाबी गरे।

सहकारीले कृषि र शिक्षा क्षेत्रमालगानी बढाएर गए सहकारीका चुनौती हट्दै जाने जिकिर गरेका अध्यक्ष ढकालले सहकारीहरुले वचत कारोबारमा मात्रै सिमित हुन नहुनेमा जोड दिए। उनले सहकारीका सदस्यहरुले सहकारीबाट अनेकौ अवसरहरुको खोजि गरे पनि त्यो पुरा नभएको बताए । कार्यक्रममा मुक्तिनाथ विकास बैंकका गण्डकी प्रदेश प्रमुख बाबुराम ढकाल, पृथ्वीनारायण क्याम्पसका उप-प्रध्यापक दिपेन्द्र ढकाल, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश सदस्य तथा रोयल सहकारीका सचिव प्रकाश डोटेलले सहकारीले आमनागरिकको आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै जानुपर्ने बताए।

त्यस अवसरमा संस्थाका संचालक समितिका सदस्य पृथ्वीप्रसाद पोखरेल, लेखा समितिका सदस्य नविन ढकाल, अनुगमन समितिका संयोजक भवानीशंकर पोखरेल, संचालक सुजता पौडेल, शिक्षा उप-समितिका संयोजक रामप्रसाद लम्साल र मुक्तिनाथ विकास बैंक स्याङ्जाका उपनिर्देशक नविन काफ्लेले शुभकामना व्यक्त गरेका थिए।

शुभकामना आदानप्रदान कार्यक्रममा नेपाल पत्रकार महासंघको हालै सम्पन्न निर्वाचनबाट नेपालपत्रकार महासंघ गण्डकी प्रदेश सदस्यमा निर्वाचित रोयल सहकारीका सचिव प्रकाश डोटेललाई सम्मान गरिएको थियो । उनलाई मुक्तिनाथ विकास बैंकका अध्यक्ष ढकालले दोसल्ला ओढाएर सम्मान गरेका थिए।

रोयल वचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष नारायण प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष विष्णु प्रसाद पोखरेलले गरेका थिए भने संचालन संस्थाका प्रबन्ध निर्देशक केशवराज लम्सालले गरेका थिए।

# प्रसारण लाइन निर्माणार्थ जग्गा अधिग्रहण

**पोखरापत्र संवाददाता**
**दमौली, ६ बैशाख**

एक सय चालिस मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणका लागि जग्गा अधिग्रहणको काम अगाडि बढेको छ।

आयोजनाको तेस्रो प्याकेज अन्तर्गतको २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि आयोजनाले तनहुँतर्फको जग्गा अधिग्रहणको काम अगाडि बढाएको हो। प्रसारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि २३ रोपनी पाँच आना जग्गा अधिग्रहण गरी मुआब्जा वितरणको प्रक्रिया शुरु भएको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिए । जग्गा अधिग्रहण बापत आयोजनाले रु एक करोड ३१ लाख ३४ हजार पाँच सय १० मुआब्जा वितरण गर्नेछ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने मुआब्जा निर्धारण समितिले जग्गा साथै जग्गामा रहेका रुखबिरुवा, फलफूल तथा नोक्सान भएको बालीनालीको क्षतिपूर्ति रकम लिन आउन सूचना जारी गरेको छ । मुआब्जा निर्धारण समितिको गत पुस १९ गते बसेको बैठकले मुआब्जा तथा क्षतिपूर्ति रकम बुझ्न आवश्यक कागजातसहित प्रशासन कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ। जग्गा अधिग्रहणका लागि मूल्य निर्धारण उपसमितिले चलनचल्तीको मूल्य, मालपोतको दर, स्थानीय तहले मूल्याङ्कन गर्ने आधार, बैङ्कले मूल्याङ्कन गर्ने आधारलाई प्राथमिकतामा राखेर मुआब्जा निर्धारण समितिलाई सिफारिस गरेको थियो।

साथै जग्गाभित्र पर्ने फलफूल, बालीनालीको क्षतिपूर्तिका लागि कृषि ज्ञान केन्द्र र रुखबिरुवाको क्षतिपूर्तिका लागि डिभिजन वन कार्यालयले मूल्याङ्कन गरेका थिए। जोखिमयुक्त परिवार अन्तर्गत आदिवासी, जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिलाई अलग्गै रकम वितरण गरिनेछ। त्यस्तै जग्गा अधिग्रहणका क्रममा जग्गाभित्र पर्ने पाटी, चौतारालाई अन्यत्रै स्थानान्तरण गरिनेछ । मुआब्जा वितरणका लागि न्यूनतम प्रतिरोपनी रु एक लाख ७० हजार र बढीमा रु प्रतिरोपनी २४ लाख निर्धारण गरिएको छ। "जग्गाको प्रकृति हेरी मुआब्जा रकम निर्धारण भएको छ, कहीँकतै प्रतिरोपनी रु तीन लाख ८० हजार पनि कायम भएको छ," आयोजना प्रमुख घिमिरेले भन्नुभयो।

# न्यायिक समितिमा साधन र स्रोत अभाव

**रासस**
**बागलुङ, ६ बैशाख**

बागलुङका पालिका तहमा न्यायिक समिति गठनको चार वर्ष पुग्दा पनि साधन र स्रोत अभाव भएको गुनासो बढेको छ। अधिकार क्षेत्रबारे अझै अन्योल हुँदा कतिपय मुद्दा गाउँमा मिलाइदिन बाध्यता रहेको बताइएको छ।

सर्वोच्च अदालतको मेलमिलाप समितिले आइतबार आयोजना गरेको 'मेलमिलाप पद्दतिको विद्यमान अवस्था र आगामी कार्यदिशा तथा मेलमिलापमा सरोकारवालाको' भूमिका विषयक कार्यक्रमका सहभागीले यस्तो गुनासो गरेका हुन्। आर्थिक अवस्थाले अदालत जान नसकेको मुद्दा गाउँमै मिलाइदिन आग्रह गरेको तमानखोला गाउँपालिकाका उपाध्यक्ष मानसरी शेरचनले जानकारी दिनुभयो । "सदरमुकाम जान सक्दैनौं गाउँमै मुद्दा मिलाइदिन भन्छन्, हामीले हेर्न नमिलेका विषय पनि आइरहेका छन्", उहाँले भन्नुभयो, "क्षेत्राधिकार बाहिर काम गर्दा समस्या हुन्छ ।" गलकोट नगरपालिकाका उपप्रमुख रेणुका काउचाले न्यायिक समितिमा कानून अधिकृत नभएको, स्नातक तह उत्तीर्ण गरेका मेलमिलापकर्ता नभेटेको जस्ता गुनासो गर्नुभयो।


## नेपाल सरकार
## गृह मन्त्रालय
## सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे. क्वा. मनकामना, तनहुँ

### हाजिर हुन आउने बारेको सुचना

**देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मितिदेखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हालसम्म कार्यालयमा गैह्र हाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र गैह्र हाजिर रहनुको मनासिव कारण सहित सम्वन्धित सशस्त्र प्रहरी बलका कार्यालयहरुमा सम्पर्क गर्न आउनुहोला। अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्धारा तपाईलाई जानकारी गराईएको छ।**

**निम्नः-**

| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | बाबुको नाम | दरवन्दी | वतन | गैह्र हाजिर मिति | सुचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६४८५० | स.प्र.ज. | बिदुर बि. क. | सम्सेर कामी | स. प्र. बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना तनहुँ | जि. स्याङ्गजा भिरकोट न. पा. ८ | २०७७/१२/०४ | स. प्र. बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना तनहुँ |



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना

**जन्म :**
**१९९२ पौष २७ गते**



**स्वर्गारोहण :**
**२०७७ चैत्र २८ गते**

**स्व. मुरली थापा**

हाम्रा आदरणीय मित्र एभरेष्ट ल्याङ्वेज इष्टीच्यूट अमरसिंह चोक पोखराका संचालक, नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाका यश्कर सदस्य न्यूरोड, पोखरा-८ निवासी लेख बहादुर थापाकी ममतामयी माता तथा पुनम थापा र महालक्ष्मी थापाकी सासुआमा **मुरली थापा** को ९० वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएको हुदाँ उपशाखा १० परिवार अति मर्माहत भएका छौं यस दुखद घडिको आज ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**
**सभापति एवं**
**नेपाल रेडक्रस सोसाइटी पोखरा-१०**
**उपशाखा, परिवार पोखरा**



## Siddhartha Secondary School
**Phedikhola-02, Phedikhola, Syangja**

### Invitation for Sealed Quotation

**Date of second Publication: 20th of April 2021**

1. The Shree Siddhartha Secondary School invites sealed quotations from registered Suppliers for the Supply, delivery and installation of Computer Accessories, Electrical and Electronics Lab Material and Drawing Board Stand under Contract ID NO.: SSS-G-SQ-01-2077-78 and SQ No. 01/2077/78/SSS.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shree Siddhartha Secondary School, Phedikhola R.M-02, Syangja, Gandaki Province, Nepal, Telephone No.: 063-402080, 9856029640, Email Address: siddharthasecondarysch@gmail.com / siddharthahigher031@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office of Shree Siddartha Secondary School, Phedikhola-02, Phedikhola, Syangja, Gandaki Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.00 till 4th of May 2021 during office hours.
4. Sealed bids must be submitted to the office of Shree Siddhartha Secondary School, Phedikhola -02, Syangja before 12:00 on 5th of May 2021 by hand. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 5th of May 2021 on 13:00 Hrs. at the office of Siddhartha Secondary School, Phedikhola -02, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 37,500.00, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 06500073CA at Prime Commercial Bank Ltd., Account Name: Shree Siddhartha Secondary School, Address: Phedikhola Branch, Syangja, Gandaki Province, Nepal and submit the original voucher of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.